# चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान (NAMS)
## वीर अस्पताल, काठमाण्डौ ।

**चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) वीर अस्पताल, काठमाण्डौ को लागि आवश्यक सुरक्षा सेवा खरिद सम्बन्धि**
**प्रस्ताव फारम**

## आ.व. २०७५/०७६

पुनः सिलबन्दी प्रस्तावनं ०१/:२०७५/०७६ ..............................................................
श्री ..........................................................

चलानी नं ................ मिति : २०७५/..../......
(एउटा कम्पनीको नाममा दर्ता फर्म अर्को कम्पनीबाट वा प्रतिलिपी प्रतिबन्धित छ ।)

नेपाल सरकार
स्वास्थ्य तथा जनसँख्या मन्त्रालय

# चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

वीर अस्पताल, काठमाण्डौ

सुरक्षा गार्ड तथा सुरक्षा सेवा करारमा लिने सिलवन्दी प्रस्ताव आह्वान सम्वन्धि सूचना

दोश्रो पटक प्रकासित मिति २०७५/११/२७

यस अस्पतालको लागि सुरक्षा सम्बन्धि सेवा (सुरक्षा गार्ड) करारमा लिनको लागि शिलबन्दि प्रस्ताव आह्वान गरिएको छ। इन्छुक फर्म/कम्पनीहरुले मिति २०७५/१२/११ गते कार्यालय समय भित्र बैंक अफ काठमाण्डौं, न्यूरोड स्थित खाता नं. ०६०२००००१३४१५२४ मा रु. ३०००/- बुझाई प्रस्ताव खरिद गरि २०७५/१२/१२ गते दिनको १२ बजे भित्र दर्ता गर्न सकिने छ। अन्य विस्तृत कुरा बुझ्नु परेमा फोन नं. ०१-४२२१११९ मा र यस अस्पतालको खरिद इकाई तथा वेभ साईट www.nams.org.np हेर्न र सम्पर्क राख्न सकिने छ।

नेपाल सरकार

स्वास्थ्य तथा जनसँख्या मन्त्रालय

# चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

वीर अस्पताल, काठमाण्डौ

सुरक्षा गार्ड तथा सुरक्षा सेवा करारमा लिने सिलवन्दी प्रस्ताव आह्वान सम्वन्धि सूचना

दोश्रो पटक सूचना प्रकासित मिति २०७५/११/२७

१) यस वीर अस्पताल, काठमाण्डौको कार्यालय, वार्ड तथा सिंगो भवन, एबं भौतिक संरचना सहितको पुरै अस्पतालको सुरक्षा गार्ड सम्बन्धि सेवा दिनको लागि इच्छुक संस्था/फर्म/कम्पनीहरुबाट यो सिलबन्दी प्रस्ताब आव्हान गरिएको छ।

२) इच्छुक प्रस्तावदाताहरुले कार्यालय समयभित्र कम्पनी/फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, सुरक्षा सेवाको लागि स्वीकृत बार्षिक अनुमतीपत्रको प्रमाणित प्रतिलिपी सहित निबेदन साथ पेश गरी प्रस्ताव यस वीर अस्पताल, काठमाण्डौबाट खरिद गर्न सकिनेछ।

३) प्रस्ताव खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खोलेको दिन प्रस्ताव खरिद गर्ने, दर्ता गर्ने र प्रस्ताव खोलिने छ।

४) प्रस्तावदाताले सुरक्षा सेवा सम्बन्धि कार्यमा भाग लिन अयोग्य नभएको तथा कुनै स्वार्थ नबाझिएको, व्यवसाय सम्बन्धि कसुरमा हालसम्म कुनै सजाय नपाएको लिखित घोषणा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५) यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित नेपाल कानुन अनुसार हुने छ।

६) प्रस्तावपत्रमा उल्लिखित प्रस्तावहरुका शर्त अनुसार योग्यता पुगेका सफल ब्यावसायिक फर्म/कम्पनीहरुबाट मात्र सेवा लिईने छ। रीत नपुगी र म्याद नाघी आएको प्रस्ताब उपर कुनै कारबाही गरीने छैन।

७) इन्छुक फर्म/कम्पनीहरुले मिति २०७५/१२/११ गते कार्यालय समय भित्र बैंक अफ काठमाण्डौं, न्यूरोड स्थित खाता नं. ०६०२००००१३४१५२४ मा रु. ३०००/- बुझाई प्रस्ताव खरिद गर्न सकिने छ।

| सि.नं. | प्रस्ताव नं. २०७५/२०७६ | प्रस्तावपत्र पेश गर्ने माध्ययम | विवरण | प्रस्तावपत्र खरिद गर्ने अन्तिम मिति | प्रस्ताव दर्ता गर्ने म्याद अन्तिम मिति | प्रस्तावपत्र खोल्ने मिति | प्रस्तावपत्र दस्तुर | प्रस्ताव पत्र जमानत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | हार्ड कपि | सुरक्षा सेवा (गार्ड) सप्लाई | २०७५ चैत्र ११ गते ५ बजे सम्म | २०७५ चैत्र १२ गते दिनको १२ बजे सम्म | २०७५ चैत्र १२ गते दिनको २ बजे सम्म | ३,०००/- | १,००,०००/- |

# प्राबिधिक प्रस्ताव

## १. परिचय(Introduction)

यस चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान (NAMS), वीर अस्पताल, काठमाण्डौंको कार्यालय भवन, ओ.पि.डि. भवन वार्ड तथा सिंगो भबन, एबं भौतिक संरचना सहितको सुरक्षा सेवा आवश्यक पर्ने बिभिन्न किसिमका कामहरु २४ सै घण्टा सेवा उपलब्ध गराउनको लागि प्रस्ताव माग गरिएको छ । यस खण्डमा प्राबिधिक प्रस्तावको ढांचा उल्लेख गरिएको छ र प्राबिधिक प्रस्तावका शर्तहरुभित्र मात्र रहेर मुल्याङ्कन गरिने भएकोले काम गरिरहेका कम्पनीहरु पनि योग्यता कममा असफल हुन सक्छन् । त्यसैले यस प्रस्ताव अन्तर्गत TOR बमोजिम प्रस्तावदाताको प्राबिधिक पक्षको मुल्याङ्कन को लागी, आवश्यक सेवा संचालनको लागी प्रस्तावदाताले पेश गर्नुपर्ने कम्पनीको उमेर, अनुभव, प्रस्तावित जनशक्तिको योग्यता, सिप तथा दक्षता लगायतका बिषयहरु देहायको ढांचा बमोजिम पेश गर्नु पर्ने गरी प्राबिधिक तथा आर्थिक प्रस्ताव माग गरिएको छ ।

## २. प्रस्तावदातालाई प्रस्ताव तयार गर्न निर्देशन तथा थप जानकारी

| | |
|---|---|
| १. | यस प्रस्तावको करार अवधि १ (एक) बर्षको हुने छ । |
| २. | प्रस्ताव दाताले प्रस्ताव सम्बन्धि कागजात बिस्तृत अध्ययन गरी उल्लिखित बिषयहरु पूर्ण रुपले भरी आवश्यक कागजात संलग्न गरी खाममा राखी सिलबन्दी गरी खामको बाहिर कुन प्रकारको प्रस्ताव हो सो स्पस्ट रुपमा उल्लेख गरी प्रस्तावलाई खाममा बन्द गरी माग गरिएको सेवाको बिषय स्पष्ट रुपमा उल्लेख गरी सिलबन्दि गरी यस वीर अस्पतालमा कार्यालय समय भित्र बुझाउनु पर्ने छ । |
| ३. | इच्छुक प्रस्तावदाताहरुले यो सुचना प्रकाशित भएको मिति २०७५/११/२७ देखि मिति २०७५/१२/११ गते सम्म कार्यालय समय भित्र कम्पनीको दर्ता प्रमाणपत्र, सम्वन्धित निकायको अनुमति पत्र, नवीकरण, आन्तिरिक राजश्व कार्यालयबाट प्राप्त मु.अ. कर दर्ता प्रमाणपत्र, चालु आ.व.सम्मको कर चुक्ता प्रमाणपत्र बिगत ३ (तिन) बर्ष देखि ४० जना सुरक्षा सम्बन्धि कामदार सप्लाई गरि सेवा सन्तोषजनक रुपमा आपूर्ति गरेको प्रमाणपत्रहरुको फोटोकपी नोटरी पब्लिकवाट प्रमाणित गराई पेश गर्नु पर्ने छ । निवेदनमा स्पष्ट रुपमा प्रस्तावदाताहरुको नाम, अफिस रहेको ठेगाना, घर भाडामा लिएको कागजात, सम्झौता वा आफ्नै घर भए जग्गाधनि प्रमाण पुर्जा र निर्माण सम्पन्न प्रतिवेदन साथ फोन नं. मोबाईल नं. फयाक्स नं.र ईमेल स्पष्ट उल्लेख गर्नुपर्ने छ । |
| ४. | प्रस्ताव दाखिला गर्ने अन्तिम दिन तोकिएको समय भित्र प्रस्तावपत्र यस अस्पतालमा दर्ता गराईसक्नु पर्ने छ । दर्ता भएका प्रस्तावहरु सोही तोकिएको समयमा उपस्थित प्रस्ताव दाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । प्रस्तावदाता वा निजका प्रतिनिधिहरु उपस्थिती नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन । |
| ५. | प्रस्तावदाता संस्थाको तर्फबाट सुरक्षा सेवा उपलब्ध गराउने जनशक्तिको ब्यक्तिगत विवरण Curriculum Vitae (CV) पेश गर्दा तोकिए बमोजिमको ढांचामा तयार गरी सम्बन्धित ब्यक्ति र संस्थाको आधिकारिक ब्यक्तिले दस्तखत गरी संस्थाको छाप लगाई पेश गर्नु पर्ने छ । जनशक्तिको ब्यक्तिगत विवरण Curriculum Vitae (CV) संग नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, तालिम र अनुभवको प्रमाण पत्रको प्रतिलिपीहरु मान्यता प्राप्त नोटरी बाट प्रमाणित गराई पेश गर्नुपर्ने छ । विवरण पेश भएका ब्यक्तिहरुलाई नै सेवा प्रदानमा अवसर दिनु पर्ने छ । |
| ६. | प्रस्तावदाताले पेश गरेको जनशक्ति कुनै संस्था वा कार्यालयमा कार्यरत भए उक्त संस्था वा कार्यालय अन्य संस्था वा कार्यालयमा सहभागी भई कार्य गर्न प्रचलित कानुन बमोजिम स्वीकृती प्राप्त गरेको पत्र प्रस्ताव संगै पेश गर्नु पर्ने छ । |
| ७. | प्रस्तावदाता संस्थाको तर्फबाट प्रस्ताव पेश गर्ने कम्पनीको आधिकारिक ब्यक्ति भए नभएको पुष्टी हुने प्रमाण सहित वा सो नभए अख्तियारी तोकी अख्तियारी पत्र संलग्न हुनुपर्ने छ । सोहि ब्यक्ति संग मात्र आधिकारिक कार्यालयले परामर्श तथा समन्वय गर्ने छ । |

| | |
|---|---|
| ८. | प्रस्तावदाताले पेश गरेको प्रस्तावको मान्य अवधि प्रस्ताव पेश गरेको अन्तिम मिति बाट ९० दिनको रहने छ । |
| ९. | प्रस्ताव पेश गर्दा प्रस्तावदाताले नेपाली भाषामा प्रस्ताव तयार गरी पेश गर्नु पर्ने छ । Curriculum Vitae (CV) को हकमा समेत संलग्न फाराम अनुसार नै नेपाली भाषामा तयार गर्नु पर्ने छ । |
| १०. | प्रस्तावमा उल्लेख भए बमोजिमको जनशक्ति विवरण सम्बन्धि कुराका अलावा अन्य Historical Data सम्बन्धि बिषयमा मुल्याङ्कन समितिलाई शंका लागेमा वा कुनै जानकारी प्राप्त गर्न सम्बन्धित संस्थाबाट थप Clarification माग गर्न सकिनेछ । प्रस्तावमा झुटा बिवरण पेश गरेको पाईएमा उक्त कम्पनीको प्रस्ताव अस्वीकृत गरी आगामी दिनमा समेत अयोग्य ठहरिने गरी कालो सुचिमा राख्ने तर्फ कारवाहि अगाडि बढाईने छ । |
| ११. | प्रस्तावदाताले चि.वि.रा.प्र., वीर अस्पताल, काठमाण्डौंबाट उपलब्ध गराईएको प्रस्ताव राम्ररी अध्ययन गरी बिवरण भरी पेश गर्नु पर्नेछ । |
| १२. | प्रस्ताव पेश गर्ने प्रस्तावदाता योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा दर्ता भएको हुनु पर्नेछ । |
| १३. | मुल्यांकन समितिले प्रत्येक प्रस्तावदाताहरुको मुल्यांकन गर्दा प्रस्तावमा कुनै अंक गणितिय त्रुटी पाईएमा वीर अस्पताल (NAMS) त्यस्तो त्रुटी सच्याउन सक्ने छ । त्यसरी त्रुटी सच्याउदा एकाई दर र कुल रकममा भिन्नता भएमा एकाई दर मान्य हुने छ र सोही दर बमोजिम कुल रकम सच्याईने छ । त्यसरी त्रुटी सच्याईएमा सोको जानकारी सम्बन्धित प्रस्तावदातालाई दिईने छ । |
| १४. | प्रस्तावदाताले पेश गरेको आर्थिक प्रस्तावमा उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुने छ । |
| १५. | प्रस्तावदाताले पेश गरेको प्रस्तावमा सफल भई छनौट भएमा निजलाई सुचना पठाई ७ (सात) दिन भित्र सम्झौता गर्न आउने म्याद दिईने छ । |
| १६. | कबुल गरेको रकम जनशक्ति आपूर्तिको आधारमा मासिक रुपमा बैंक मार्फत भुक्तानी दिईने छ । |
| १७. | प्रस्तावदाता संस्थालाई भुक्तानी दिने रकममा लाग्ने कर तथा अन्य शुल्कहरु नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुने छ । |
| १८. | मान्यता प्राप्त बैंकले जारि गरेको रु. १५,००,०००/- (अक्षेरुपि पन्ध्र लाख रुपैयाँ) Line of Credit पेश गर्नु पर्ने छ । |
| १९. | सामाजिक सुरक्षा ऐन, २०७४ तथा खण्ड ६८ सँख्या २० नेपाल राजपत्र भाग ५, मिति २०७५/०४/३१ गते प्रकाशित गरि तोकिए बमोजिमको सुविधा उपलब्ध गराउने गरि प्रस्ताव पेश गर्नु पर्नेछ । सो भन्दा कमि सुविधा पेश गरेको प्रस्ताव पत्र अयोग्य ठहरिने छ । |
| २०. | सुरक्षामा सेवामा कार्यरत जनशक्ति यस अस्पतालको आवश्यकता अनुसार थपघट गर्न सकिने छ, थपघट गर्ने कार्यमा आपूर्तिकर्ताले बाधा बिरोध गर्न पाईने छैन । |

## प्रस्ताव मूल्याँकनका आधार एवं तरिका

यस प्रकारको जनशक्तिहरुको सेवा करार सम्बन्धि प्रस्ताव फाराममा माग गरिए अनुसारको विवरण पूर्ण रुपले भरि पेश गरेको प्रस्ताव मात्र सारभूत रुपमा योग्य भएको मानिने छ र सो प्रस्तावलाई मात्र देहायको आधार भित्र रहि मूल्याँकन गरिनेछ ।

१. प्रतिष्ठानको आवश्यकता र प्रस्तावदाताको प्रस्ताव वीच तुलनात्मक मुल्याँकन गरिने छ ।

२. प्रस्तावदाताहरुबाट बोल कबोल भएको सेवा शुल्कको तुलनात्मक दररेटको आधारमा मूल्याँकन गरिने छ ।

३. मान्यता प्राप्त बैंकले जारि गरेको रु. १५,००,०००/- (अक्षेरुपि पन्ध्र लाख रुपैयाँ) Line of Credit पेश गरेको हुनु पर्ने छ ।

## कार्य बिधि तथा योजना (Methodology and Work Plan)

निम्न बुंदाहरुको आधारमा प्रस्तावदाताले आफ्नो प्रस्तावमा कार्यक्रम संचालन कार्य बिधि तथा कार्य योजना ( Methodology and Work Plan) को बारेमा छोटकरीरुपमा बिवरण दिनु पर्नेछ ।

१) प्रस्तावदाताले गर्ने कामको बिवरण तथा सो को अपेक्षित परिणामको संक्षिप्त बिवरण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२) प्रस्तावदाताले कार्य बिधि तथा कार्य योजना (कार्य सम्पन्न गर्ने समयाबधि, जिम्मेवार ब्यक्ति, सहयोगी ब्यक्ति, सुचकाङ्क, अपेक्षित परिणाम, स्रोत) आदि विवरण उल्लेख गरी पेश गर्नु पर्ने छ ।

३) कामदार कर्मचारीको सेवा संचालनको लागि प्रस्तावदाताले प्रयोग गर्ने बिधि तथा प्रबिधिको बारेमा समेत विवरण तयार गरि पेश गर्नु पर्ने छ ।

# अनुसुची १

# Format of Curriculum Vitae (CV) for Proposed Professional Staffs

फोटा

नामः

स्थायी ठेगानाः जिल्लाः .............. म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. ................वडा नं .....

गाउ/टोल ......................

अस्थायी ठेगानाः जिल्लाः.............. म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. ................वडा नं .....

गाउ/टोल ......................

जन्म मिति : बि.सं. ................. सालः महिना.. ... गते ............

(इस्वी सं. ................. सालः महिना.. ... गते ..........)

राष्ट्रियता :

शैक्षिक योग्यता :

तालिम :१

२

३

अनुभब :

फोन नं/ मो.नं. :

इमेल :

प्रमाणित गर्नेको हस्ताक्षर :

मिति :

(नागरिकता, शैक्षिक योग्यता वा तालिम र कामको अनुभवको प्रतिलिपीहरु अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।)

# कार्यक्षेत्रगत शर्तहरु (Terms of Reference)

१) फर्म/संस्था /कम्पनीले कामदार कर्मचारीहरुलाई आवश्यक पर्ने युनिफर्म, आवश्यक इक्युप्मेन्ट्स आदिको व्यवस्था आफै गर्नुपर्ने छ, डयुटीमा युनिफर्म अनिवार्य छ । यूनिफर्म बिनाको कामदारलाई अस्पताल काममा लगाईने छैन ।

२) आपुर्तिकर्ताले २४ सै घण्टा र सार्वजनिक बिदाको दिनमा पनि अनिवार्य रुपमा सेवा दिनुपर्नेछ ।

३) संम्झौता बमोजिम दिईएको समयभित्र सेवा सुचारु नगरेमा, बिचमा काम छोडेमा, वा संम्झौता बमोजिम संतोषजनक काम नगरेमा प्रचलित कानुन तथा संम्झौतामा उल्लिखित शर्त अनुसार कारवाही हुने छ ।

४) डयुटिको समयमा कम्पनिको कामदारको लापरवाहीबाट यस वीर अस्पतालको भौतिक वा अन्य सम्पति हानी/नोक्सानी भएमा कम्पनीले नै ब्यहोर्नु पर्ने छ ।

५) डयुटीको समयमा सुर्ति , मादक पदार्थ तथा मादक जन्य पदार्थ सेवन गरी हानी नोक्सानी हुन गएमा सोको सम्पुर्ण क्षतिपुर्तिका साथै तत्काल सो समस्या समाधान गर्नुपर्ने छ ।

६) सेवा प्रदान गर्ने पक्षले दिएको सेवाको प्राबिधिक स्पेसिफिकेशन र कार्य सम्पादनको गुणस्तर अनुसार छ की छैन भनेर निरिक्षण गरिने छ ।

७) उपर्युक्त सेवा बापत मासिक भुक्तानी लिंदा मासिक बिल पेश गरेपछि बिल अनुसारको रकमको एकमुष्ट रकम नियमानुसार कट्टी गर्नु पर्ने सरकारी करबापत रकम कट्टी गरी वीर अस्पतालको आर्थिक प्रशासन शाखाबाट भुक्तानी दिईने छ ।

८) कम्पनिले काममा लगाएका करारका कामदारहरुलाई यस अस्पतालबाट कुनै पनि अन्य सुबिधा उपलब्ध हुने छैन । तथापी कुनै कामदार स्वयं बिरामी भएमा यस अस्पतालबाट प्राप्त हुने उपचारमा सहुलियत सेवामा छुट दिन सकिने छ ।

९) सुरक्षा प्रदान गर्ने कामदारहरुले मासिक रुपमा गर्ने कामको अनुगमन, मूल्याँकन कर्मचारी प्रशासन शाखा, खरिद इकाई र अस्पतालको सुरक्षा हेर्ने निकाय साथै हाउस किपिँग शाखा प्रमुखले गर्ने र सन्तोषजनक काम गरेको सिफारिस पश्चात रकम भुक्तानी गरिने छ ।

१०) सुरक्षा सम्बन्धि काम गर्ने जनशक्तिको बिवरण अनुसूचि १ अनुसार तयार पारि कम्तिमा माग गरेको सँख्या भन्दा २० (वीस) प्रतिशत बढिको बिवरण अनिवार्य रुपमा प्रस्तावसँग पेश गर्नु पर्ने छ । पेश नगरेमा मूल्याँकनमा समावेश गरिने छैन ।

# चि.बि.रा.प्र.(NAMS) वीर अस्पताल, काठमाण्डौं

अनुसुची २

आर्थिक प्रस्ताव पेश गर्ने फाराम

मिति : ...................

श्री ...................................................................
.........................................................................
.....................................(खरिदकर्ताको नाम ठेगाना)

महोदय,

हामी तल सहिछाप गर्नेले सुरक्षा सेवा त्यस वीर अस्पताल बाट प्राप्त प्रस्ताव राम्रोसंग जाँची अध्ययन गऱ्यौ र त्यहाको मिति ..... ..... ... ... .. .... .... को प्रस्ताव आह्वान सम्बन्धि सूचना बमोजिम चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) वीर अस्पताल सुरक्षा सेवा सम्बन्धि कार्यमा २४ सैं घण्टा उपर्युक्त सेवा दिन इच्छुक भएकाले यो प्रस्ताव पेश गरेका छौ । हामीले प्रस्तावसंगै प्राप्त फारम बमोजिम सेवाका लागि लाग्ने जनशक्ति तथा अन्य कार्यहरु सञ्चालनको लागि देहाय बमोजिम अनुमानित लागत बमोजिमको कुल मुल्य रु. ........................................ (अंकमा). रु ....... ...... .. ..................... ................................. ........................ .......................

(अक्षरमा उल्लेख गरी यसै साथ खामबन्दी आर्थिक प्रस्ताव सिलबन्दी गरी पेश गरेका छौ )

## चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) वीर अस्पतालको लागि आवश्यक सुरक्षा सेवा खरिदको दररेट फारम

| सि नं | बिवरण | कामदार संख्या | दररेट अंकमा प्रति महिना प्रतिब्यक्ति | दररेट अक्षरमा प्रतिमहिना प्रतिब्यक्ति | अंकमा १२ (बाह्र) महिनाको जम्मा | अक्षरमा १२ (बाह्र) महिनाको जम्मा रु. | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| | | | | | | | |
| १ | आधारभूत पारिश्रमिक | १८ | | | | | |
| २ | महंगी भत्ता | १८ | | | | | |
| ३ | संचयकोष | १८ | | | | | |
| ४ | उपदान | १८ | | | | | |
| ५ | संचित विदाको रकम | १८ | | | | | |
| ५ | चाडपर्व | १८ | | | | | |
| ६ | स्वास्थ्य वीमा सम्बन्धि खर्च | १८ | | | | | |
| | दुर्घटबना विमा सम्बन्धि खर्च | १८ | | | | | |
| ७ | कार्यालयको व्यवस्थापन खर्च | १८ | | | | | |
| जम्मा | | | | | | | |
| मू.अ. कर १३ प्रतिशत | | | | | | | |
| मू.अ. कर सहित जम्मा | | | | | | | |
| जम्मा रकम अक्षरमा | | | | | | | |

दररेट अंक र अक्षर दुबैमा भर्नुपर्नेछ । दररेट आईटमवाईज भर्नु पर्दछ, अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।(माथि उल्लेखित विवरणहरुको दररेट उल्लेख गर्दा नेपाल सरकारले निर्धारण गरेको न्यूनतम दररेट भन्दा न्यून भएमा मूल्यांकनमा समावेश गरिने छैन (न्यूनतम् कबोल रकम भन्नाले श्रम ऐन, २०७४ तथा श्रम नियमावली २०७५ मा तोकिएको पारिश्रमिक भन्ने बुझिन्छ ।)

# प्रस्तावदाताको विवरण सम्बन्धी फारम

*(प्रस्तावदाताले यो फारम भर्नु पर्नेछ । यो फारममा कुनै पनि परिवर्तन गर्न पाईने छैन र यो फारमको सट्टा आर्को कुनै पनि फारम स्वीकार गरिने छैन । संयुक्त उपक्रम भएको खण्डमा, संयुक्त उपक्रमका प्रत्येक सदस्यले यो फारम छुट्टाछुट्टै भरी, आ-आफ्नो विवरण पेश गर्नु पर्नेछ ।)*

पेज नं. ...(जम्मा पेज संख्याः ...)

| | | |
|---|---|---|
| | प्रस्तावदाताको नामः | |
| | प्रस्तावदाताको ठेगानाः | |
| | प्रस्तावदाताले फर्म/कम्पनी दर्ता गरेको देशः | |
| | प्रस्तावदाताले फर्म/कम्पनी दर्ता गरेको सालः | |
| | प्रस्तावदाताले फर्म/कम्पनी दर्ता गरेको देशको ठेगानाः | |
| | प्रस्तावदाताको आधिकारिक प्रतिनिधिको विवरणः<br>नामः<br>ठेगानाः<br>टेलिफोन/फ्याक्सः<br>इमेलः | |
| | प्रस्तावदाताको टेलिफोन/फ्याक्सः | |
| | प्रस्तावदाताको इमेलः<br>निम्न कागजातहरुको सक्कल बमोजिमको प्रतिलिपि संलग्न गरिएकोछः<br>१. फर्म/कम्पनी दर्ता प्रमाणपत्र<br>२. फर्म/कम्पनीलाई प्रतिनिधित्व गर्ने आधिकारिकताको प्रमाणपत्र | |

# वित्तिय विवरण सम्बन्धी फारम

| विगत ३ वर्षको वित्तिय विवरण (ने. रु. मा) | | | |
|---|---|---|---|
| | पहिलो बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष |
| वासलात अनुसारको विवरण (Information from Balance Sheet) | | | |
| जम्मा सम्पति (Total Assets) | | | |
| जम्मा दायित्व (Total Liabilities) | | | |
| खुद सम्पति (Net Worth) | | | |
| चालू सम्पति (Current Assets) | | | |
| चालू दायित्व (Current Liabilitis) | | | |
| आम्दानी-विवरण अनुसार (Information from Income Statement) | | | |
| जम्मा आम्दानी (Total Revenue) | | | |
| कर अघिको नाफाः (Profit Before Taxes) | | | |
| कर पछिको नाफाः (Profit After Taxes) | | | |

- देहाय अनुसारको, विगत ३ बर्ष वा माथि तोकिए बमोजिम बर्षको, वित्तिय विवरणको (वासलात, सम्बन्धित सम्पूर्ण टिप्पणीहरु, र आम्दानी-विवरण सहित), प्रतिलिपि संलग्न गरिएको छः
  - वित्तिय विवरण प्रमाणपत्र प्राप्त लेखापरीक्षकद्वारा लेखा परीक्षण गरिएको हुनु पर्दछ
  - वित्तिय विवरणसंग सम्बन्धित सम्पूर्ण लेखा टिप्पणीहरु सहितको पूर्ण वित्तिय विवरण हुनु पर्दछ
  - वित्तिय विवरणहरु समाप्त भएका आर्थिक बर्षहरुको र लेखा परीक्षण गरिएको हुनु पर्दछ -यहाँ आंशिक अबधिको वित्तिय विवरण माग गरिएको होइन र त्यस्ता आंशिक अवधिका वित्तीय विवरण स्वीकार पनि गरिने छैन)।

# औसत बार्षिक कारोबार सम्बन्धी फारम

*यस अन्तर्गत दिईने जानकारी सम्बन्धित बर्ष सेवाग्राहीका चालु कार्य वा सम्पन्न भएका कार्यका लागि जारी भएकाबील अनुसारको रकमको वार्षिका कारोवार नेपाली रुपैंयाँमा हुनु पर्नेछ ।*

| विगत ३ वर्षको बार्षिक कारोबार (Annual Turnover Data for the Last 3 Years) | |
|---|---|
| बर्ष | रकम (ने. रु.) |
| | |
| | |
| | |
| औसत बार्षिक कारोबार (Average Annual Turnover) | |

विगत ३ बर्षमा ८०,००,०००/- (अक्षेरुपि असि लाख) को कारोबार भएको हुनु पर्ने छ ।

# वित्तिय स्रोत सम्बन्धी फारम

*यो ठेक्काको लागि आवश्यक सम्पूर्ण नगद-प्रवाह धान्नको लागि प्रस्तावित वित्तिय स्रोतहरु जस्तै - तरल पूँजी, दायित्व रहित वास्तविक सम्पत्ती (Unencumbered real asset), कर्जा-सीमा (Line of credit) लगायत अन्य वित्तिय स्रोतहरु उल्लेख गर्नु पर्नेछ ।)*

| वित्तिय स्रोतहरु | | |
|---|---|---|
| | रकम उपलब्ध हुने स्रोतहरु | रकम (ने. रु.) |
| १ | | |
| २ | | |
| ३ | | |
| | | |

नोटः बैंकको पत्र शर्त रहितको हुनु पर्नेछ ।

# विशेष अनुभव सम्बन्धी फारम

बोलपत्रदाताको नामः ............................ मितिः ................

बोलपत्र आह्वान नं.....

पेज नं. ...(जम्मा पेजसंख्याः ...)

| समान प्रकृतिको ठेक्का | विवरण | | |
|---|---|---|---|
| ठेक्का नं | | | |
| सम्झौता मिति | | | |
| सम्पन्न मिति | | | |
| सहभागिताको किसिम | ☐ ठेकेदार (Contractor) | ☐ व्यवस्थापन-ठेकेदार (Management Contractor) | ☐ सव-कन्ट्राक्टर (Sub Contractor) |
| जम्मा करार सम्झौता मूल्य | मुदा .................... | | |
| बोलपत्रदाताले सम्पादन गरेको कामको विवरण | | | |
| संयुक्त उपक्रमको साझेदार सदस्यको रुपमा वा सव-कन्ट्राक्टर भई काम गरेको भए, करार सम्झौता मूल्यमा आफ्नो सहभागिताको मात्रा उल्लेख गर्नुहोस् | ................................ % | ............................... | मुद्रा ........................ |
| खरिदकर्ताको नामः | | | |
| खरिदकर्ताको ठेगानाः | | | |
| खरिदकर्ताको टेलिफोन/फ्याक्स नंः | | | |
| खरिदकर्ताको इमेलः | | | |

*(प्रस्तावदाताले यो फारम, काम सम्पन्न गरेको वा काम प्रगतिमा रहेको प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै भर्नु पर्नेछ ।)*

# कार्यक्षेत्रगत शर्तहरु (Terms of Reference)

१) फर्म/संस्था /कम्पनीले करारमा कामदाररुलाई आवश्यकपर्ने युनिफर्म, आवश्यक इक्युप्मेन्ट्स आदिको अनिबार्य व्यवस्था आफै गर्नुपर्ने छ।

२) आपुर्तिकर्ताले २४ सै घण्टा र सार्वजनिक बिदाको दिनमा पनि अनिवार्य रुपमा सेवा दिनुपर्ने छ।

३) संझौता बमोजिम दिईएको समयभित्र सेवा सुचारु नगरेमा, बिचमा काम छोडेमा, वा संझौता बमोजिम संतोषजनक काम नगरेमा प्रचलित कानुन तथा संझौतामा उल्लेखित शर्तअनुसार कारवाही हुने छ।

४) डयुटिको समयमा कामदारको लापर्वाहीबाट भौतिक वा अन्य कुनै सम्पति हानी/नोक्सानी भएमा कम्पनीले नै ब्यहोर्नु पर्ने छ।

५) डयुटीको समयमा सुर्ति , मादक पदार्थ तथा मादक जन्य पदार्थ सेवन गरी हानी नोक्सानी हुन गएमा सोको सम्पुर्ण क्षति पुर्तिका साथै तत्काल सो समस्या समाधान गर्नुपर्ने छ।

६) सेवा प्रदान गर्ने पक्षले दिएको सेवाको प्राबिधिक स्पेसिफिकेशन र कार्य सम्पादनको गुणस्तर अनुसार ठिक छ की छैन भनेर निरिक्षण गरिने छ।

७) उपर्युक्त सेवा बापत मासिक भुक्तानी लिंदा मासिक बिल पेश गरेपछी बिल अनुसारको रकमको एकमुष्ट रकम हिसाव गरी वीर अस्पताल लेखा शाखाबाट भुक्तानी दिईने छ। सो रकम प्रचलित श्रम ऐन, नियमावली अनुसार तोकिएको रकम भन्दा कम पारिश्रमिक हुने छैन।

८) अस्पतालको ICU, वार्ड, OT तथा केही अन्य ठाउँमा आबश्यकता हेरी कम्पनि सँग कामदार खटाउन लगाउन सक्ने छ।

९) यस अस्पताल र प्रस्ताबक बीच दुई पक्ष भई काम गर्ने हुनाले सप्लायर्सले नियुक्ति गरेका कामदारको माग सँग अस्पतालको कुनै सरोकार हुने छैन।

१०) यस अस्पतालको सुरक्षामा कार्यरत कामदारलाई अनुभबको आधारमा पहिलो ग्राह्यता दिन यस अस्पताललाई बाधा पर्ने छैन।

११) अस्पतालको आवश्यकता अनुसार कामदारको संख्यामा घटबढ हुन सक्ने छ। सो विषयमा कम्पनी वा संस्थाले असहमती जनाउन पाउने छैन।

१२) सुरक्षा कार्यमा सँलग्न सुरक्षाकर्मीहरुको लागि सुरक्षा सेवा प्रदान गर्न आवश्यक सामाग्रिहरु जस्तै :- पोशाक, पञ्जा, जुत्ता, मोजा, खुकुरी, टोपि, पेटि आदि लगायतको ब्यवस्था फर्म/कम्पनि आफैले गर्नु पर्ने छ।

**कार्य क्षेत्र :-**

**<u>सुरक्षा गार्ड तर्फ</u>**

- अस्पतालमा आउने विरामी, भिजिटर तथा अन्य मानिसहरुलाई सम्बन्धित ठाउँमा व्यवस्थापन गर्न र सुरक्षा जाँच सम्बन्धि कार्य गरी भिड नियन्त्रण गर्ने ।
- ओ.पि.डि., वार्ड, इमर्जेन्सी लगायतका सेवा प्रदान गर्ने स्थानमा भिडभाड, झैझगडा, ठगी चोरी हुन नदिन आवश्यक व्यवस्था गर्ने ।
- विभिन्न जनवरहरु (गाई, गोरु, कुकुर लगायतका जनवर) अस्पताल प्रवेश गर्न रोक लगाउने ।
- अस्पताल प्रवेश गर्ने व्यक्तिहरुको चेकजाँच गर्ने । डिस्चार्ज भएर जाने विरामीको झोला चेक जाँच गर्ने ।
- निषेधित गरिएका वस्तुहरु प्रवेश गर्न नदिने ।
- आई.सि.यु. र अंकोलोजी वार्ड वीचको गेटमा बसी सुरक्षा प्रदान गर्न
- ट्रमा सेन्टर तर्फबाट वीर अस्पताल प्रवेश गर्ने गेट र NAMS को मूल गेट तर्फ सुरक्षा प्रदान गर्न
- ओ.पि.डि., फार्मेसी, विभिन्न वार्डमा एक एक घण्टामा घुमी अनावश्यक कुरुवा हटाउने युरोलोजी ओ.पि.डि.मा सुरक्षा प्रदान गर्न
- इमर्जेन्सी प्रवेश गर्ने मुख्य गेट चेकजाँचको गर्ने ।
- न्यूरो वार्ड तर्फ सुरक्षा प्रदान गर्ने ।
- अन्य तोकिएको स्थानहरुमा सुरक्षा प्रदान गर्ने ।

# आपुर्ति गर्नुपर्ने सेवाको परिमाण

कामदार - १८ जना

# प्राबिधिक स्पेशिफिकेशन (Technical Specification)

चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) वीर अस्पतालको लागि आवश्यक सुरक्षा सेवा खरिदको स्पेशिफिकेशन

| सि.नं | बिवरण | योग्यता |
|---|---|---|
| १ | सुरक्षा कामदार | - नेपाली नागरिक हुनु पर्ने छ।<br>- लेखपढ गर्न जान्ने।<br>- सुरक्षा सँग सम्बन्धित तालिम प्राप्त प्रमाणपत्र हुनु पर्ने।<br>- परामर्श दिन सक्ने हुनु पर्ने।<br>- १८ बर्ष उमेर पुरा भै ५० बर्ष ननाघेको।<br>- कुनै पनि फौजदारी अभियोगमा कसूरदार नठहरिएको हुनु पर्ने।<br>- शारीरिक र मानसिक रुपमा स्वस्थ रहेको प्रमाण पत्र पेश गर्नु पर्ने पर्नेछ।<br>- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वा सो सरहको निकायमा कम्तिमा ५ (पाँच) बर्ष सेवा गरि भविष्यमा सरकारी सेवाका लागि अयोग्न नठहरिने गरि सेवाबाट हटाईएका अथवा अवकाश प्राप्त वा नेपाल सरकारद्वारा मान्यता प्राप्त निकायबाट सुरक्षा सम्बन्धि तालिम प्राप्त गरेको ब्यक्ति हुनु पर्ने छ। |

फर्म/कम्पनिको नाम :- .. .. .. .. .. .. .. .. .. .. .. .. ..

आधिकारिक हस्ताक्षर :- .. .. .. .. .. .. .. .. .. .. .. .. ..

हस्ताक्षर गर्नेको नाम थर :- .. .. .. .. .. .. .. .. .. .. .. ..

सम्पर्क नं. :- .. .. .. .. .. .. .. .. .. .. .. .... .. .. .. .. ..

मिति :- .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .

फर्म/कम्पनिको छाप :- .. .. .. .. .. .. .. .. .. .. .. .. .. ..

**संशोधनः**

यस अस्पतालवाट मिति २०७५/०९/१७ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सुरक्षा गार्ड सेवा करारमा लिने सिलवन्दी प्रस्तावमा तपसिलका बुदांहरुमा तपसिल अनुसार संशोधन गर्ने मिति २०७५/०९/२९ को उपकुलपति स्तरिय निर्णय भएकोले सोही अनुसार हुनेछ।

तपसिलः

१) प्रस्ताव नं. १ को सुरक्षा गार्ड तर्फको प्रस्तावदातालाई प्रस्ताव तयार गर्न निर्देशन तथा थप जानकारीको बुंदा नं. १८ र प्रस्ताव मूल्याँकनको आधार एवं तरिकाको बुँदा नं. ३ मा रु १ करोडको सट्टा रु १५,००,०००/- ( अक्षेरुपि पन्ध्र लाख) कायम गरीएको।